मोफसलमा सर्वाधिक बिक्री हुने

नेपाल सरकारद्वारा निरन्तर राष्ट्रियस्तरको 'क' वर्गमा सूचीकृत

राष्ट्रिय दैनिक

# मेचीकाली सन्देश

Mechikali Sandesh National Daily



**ग्राहक महानुभावमा अनुरोध**

- यहाँहरुको घरमा नियमित पत्रिका नआएमा
- समयमै पत्रिका प्राप्त नभएमा
- ग्राहक बन्नु परेमा
- विज्ञापन दिनु परेमा

**मेचीकाली सन्देश राष्ट्रिय दैनिक**
बुटवल, ९, मिलनचोक, रुपन्देही
फोन: ०७१, ५३६००५



- अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं
- अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं
- सुरक्षित रुपमा वित्तीय कारोबार गरौं


नेपाल सरकार
**विज्ञापन बोर्ड**



वर्ष-२५ | अंक-२९८ | २०८२ असोज ३१ गते शुक्रबार | 17 October.- 2025 Friday | पृष्ठ ४ | मूल्य रु. ६।-


# सुक्न थाले पहाडी जिल्लाका सदरमुकाम, बने नयाँ ठाउँमा बजार

■ प्रकाश आचार्य



बुटवल, असोज ३० । दश वर्ष अघिसम्म प्यूठानको सदरमुकाम खलङ्गा यति व्यस्त थियो कि भीडले पैदल हिँड्न पनि गाह्रो हुन्थ्यो । मल्लरानी गाउँपालिकामा पर्ने खलङ्गा बजार आजभोलि सुनसान छ । व्यापार व्यवसाय घट्यो, होटलहरू सुनसान भए, किनमेल गर्न आउनेहरू हराए । वि.सं. २०७४ मा मुलुकमा संघीयता आएर सेवा गाउँगाउँमा विस्तार भएसँगै नागरिकलाई सदरमुकाम आउनुपर्ने बाध्यता हट्यो ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण, शीतल हावापानी, बसोबासको आकर्षण रहेको खलङ्गा अहिले विशुद्ध प्रशासनिक केन्द्रमा मात्र सीमित हुन पुगेपछि बजार र शहरका गल्ली चकमन्न छन् । मुलुकमा स्थानीय तह पुनः संरचनापछि साविकका ४९ वटा गाविस रहेको जिल्लाका विभिन्न पायक पर्ने केन्द्रमा बजार बन्दै गएका छन् । सदरमुकाम भने सन्नाटा छाउने अवस्थामा पुगेको छ । वि.सं. २०१८ सम्म एउटै जिल्ला रहेको प्युठान र रोल्पा छुट्टिएर दुई जिल्ला बनेका थिए । आज खलङ्गा अधुरो भविष्यको दोभानमा अल्मलिएजस्तै भएको पुराना स्थानीय व्यवसायी तथा प्युठान उद्योग वाणिज्य संघका अध्यक्ष सन्देश आचार्य बताउँछन् ।

'सदरमुकामको व्यापार गाउँगाउँमा सऱ्यो,' अध्यक्ष आचार्यले भने, 'जिल्लाभरका मान्छे आउने खलङ्गा सेन्टर रहेन । व्यापार ८० प्रतिशतसम्म खस्कियो, बिजुवार, बाग्दुला, भिंग्री, चकचके नयाँ बजार बने, अब खलङ्गालाई पर्यटकीय क्षेत्रका रूपमा मात्र विकास गर्न सकिने सम्भावना छ ।' खलङ्गालाई धेरैले 'स्विट्जरल्यान्ड' को उपमा पनि दिने गरेका आचार्यको भनाइ छ । तत्कालीन राणा शासनको नजरमा खलङ्गाको विशेष महत्व थियो । जङ्गबहादुर राणाले आफ्नो पिताको सम्झनामा शिवालय मन्दिर स्थापना गरेका थिए । अहिले ती सांस्कृतिक सम्पदाहरू समेत जीर्ण र संरक्षणविहीन अवस्थामा पुगेका छन् । तीव्र बसाइसराइ रहेको प्यूठानको जनसंख्या निरन्तर घट्दो छ ।

गुल्मीको सदरमुकाम तम्घासले पनि पुरानो साख गुमाउँदै गएको छ । ऋणात्मक जनसंख्या रहेको गुल्मीको सदरमुकाम कतै निकट भविष्यमा 'निर्जीव' शहर बन्ने त होइन भन्ने स्थानीयको चिन्ता देखिन्छ । तम्घास बजार सुक्दै जानुको कारण स्थानीय तहसँगै मदन भण्डारी लोकमार्ग सञ्चालनमा आउनुलाई पनि मानिन्छ । लोकमार्गले जिल्लाका विभिन्न पालिका केन्द्रमा चहलपहल बढाएको छ भने तम्घास सुनसान बन्न पुगेको छ । १२ स्थानीय तह रहेको गुल्मीको पूर्वी क्षेत्रमा पर्ने छत्रकोट, रूरूक्षेत्र, सत्यवती, कालीगण्डकी र चन्द्रकोट गाउँपालिकाका नागरिकलाई सदरमुकाम अपायक पर्छ ।

(बाँकी ४ पेजमा)

# उत्कृष्ट सेवा दिंदै भीम अस्पताल

■ दिपेश पछाई

भैरहवा, असोज ३० । जिल्लाको पुरानो अस्पतालका रुपमा परिचित भीम अस्पतालको व्यववस्थापन र सेवा प्रवाहमा सुधार आएसंगै उपचारका लागि अस्पताल जानेको संख्या बढ्दो छ । आम नागरिकको विश्वास सरकारी अस्पतालप्रति नहुँदा निजी अस्पतालमा जाने आएसंगै अहिले बिरामीहरुको रोजाइ भीम अस्पताल बन्न थालेको अस्पतालका पूर्व अध्यक्ष विश्वेश्वरप्रसाद बस्यालले बताए ।

रुपन्देहीको सबैभन्दा पूरानो भीम अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाहरु पछिल्ला वर्षमा गुणस्तरीय बन्दै गैरहेका छन् । कोरोना कालपछि अस्पतालको सेवामा निकै सुधार उमाकान्त चपाईले बताए ।

'तीन वर्षको अवधिमा भीम अस्पताल बारेमा धेरै गुनासा सुन्नमा आएका थिए । अहिले धेरै सुधार भएकाले गुनासा कम छन्,' चपाइले भने । अस्पतालमा कार्यरत चिकित्सकलाई सेवामुखी भएर अस्प्तालमा काम गर्न आग्रह गर्दै उनले बिमाबापतको रकम तत्काल भुक्तानी उपलब्ध नहुने समस्याले



बिरामीहरु अहिले भने सरकारी भीम अस्पतालमा जाने गरेका छन् । अस्पतालले उपलब्ध गराउनु पर्ने सम्पूर्ण सुविधाहरु व्यवस्थित रुपमा गराउन थालेसंगै आम नागरिकहरु निजी अस्पताल जान छाडेर सरकारी भीम अस्पताल जान थाले भीम अस्पताल व्यवस्थापन समितिको पूर्व अध्यक्ष कुलप्रसाद न्यौपानेले बताए । अस्पतालको व्यवस्थापन, उपचार सेवा, भौतिक पूर्वाधारलगायतका क्षेत्रमा सुधार आएको हो । लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय र भीम अस्पतालद्वारा भैरहवामा आयोजित आव २०८१-०८२ मा भीम अस्पतालले प्रदान गरेका सेवाको वार्षिक समिक्षा कार्यक्रमका अस्पतालमा उपचारको सेवा गुणस्तर बन्दै गएपनि समयसापेक्षअनुरुप उपचार सेवालाई अझ विश्वाशिलो र प्रभावकारी बनाउनुपर्ने जिल्ला समन्वय समितिका संयोजक बिमाको उपचार कसरी सञ्चालन गर्ने भन्ने समस्या जताततै हुन थालेको बताए ।

नेकपा एमाले सिद्धार्थनगरका नगर कमिटी इन्चार्ज चक्र थापाले पहिला गरिब दुःखीको मात्र भनिने भीम अस्पताल अहिले मध्यम वर्गीय तथा हुनेखाने बिरामीका लागि पनि उपचार गर्ने अस्पताल बनेको बताए ।

(बाँकी ४ पेजमा)




## सम्पादकीय

# पुन: जागेको नेपाली क्रिकेटको गौरव

खेलकुदले राष्ट्रलाई एकताको सूत्रमा बाँध्ने मात्र होइन, सामूहिक गौरव र आत्मविश्वास पनि जगाउँछ । खेलकुदका माध्यमबाट विश्वका धेरै देशले, धेरै खेलाडीले तरक्की हासिल गरेका छन् । उन्नति प्रगति गरेका छन् । सामाजिक एकतासहितको राष्ट्रियतालाई मजबुत बनाएका छन् । हामीकहाँ पनि पछिल्ला केही समययता नेपाली क्रिकेटले आशा जगाएको छ । भरोशा दिलाएको छ र अपार सम्भावना देखाएको छ ।

अहिले नेपाली क्रिकेटले त्यसै गौरवको अर्को अध्याय लेखेको छ । ओमानमा सम्पन्न आइसिसी टी-२० विश्वकप एसिया-इएपी छनोट प्रतियोगितामा नेपालको ऐतिहासिक प्रदर्शनले देशभर उत्साह र गर्वको लहर छाएको छ । नेपालले लगातार दोस्रो पटक र समग्रमा तेस्रोपटक विश्वकपमा स्थान सुरक्षित गर्दै आगामी सन् २०२६ मा भारत र श्रीलंकामा हुने टी-२० विश्वकपमा सहभागिता सुनिश्चित गरेको छ । भारत क्रिकेटको बादशाह नै मानिन्छ । भारतका कैयन खेलाडी विश्वका धनाढ्यमा पर्छन् ।

नेपाली क्रिकेटको यो सफलता केवल खेल मैदानमा जितिएको स्कोर होइन, यो नेपालको क्रिकेट संरचना, खेलाडीको मिहिनेत र जनताको अटूट समर्थनको सामूहिक उपलब्धि हो । युएइविरुद्धको १ रनको र कतार विरुद्धको ५ रनको थ्रिलिङ जितदेखि ओमानमाथिको शानदार प्रदर्शनसम्म, प्रत्येक क्षणले नेपाली क्रिकेटको आत्मविश्वास र सामर्थ्यको नयाँ परिचय दिएको छ । दीपेन्द्रसिंह ऐरी, कुशल भुर्तेल, गुलसन झा र कप्तान रोहित पौडेलजस्ता खेलाडीले देखाएको जोश र जिम्मेवारीले नेपाली क्रिकेटको भविष्य उज्यालो बनाएको छ ।

तर, सफलतासंगै चुनौती पनि उत्तिकै छन् । नेपालले विश्वकपको तयारीमा मध्यक्रमको कमजोरी, स्थायित्वको कमी र रणनैतिक खेल सुधार्ने खाँचो स्पष्ट देखाएको छ । आगामी प्रतिस्पर्धा भारत, पाकिस्तान, श्रीलंकाजस्ता बलिया राष्ट्रहरूसँग हुने भएकाले हाम्रो प्रदर्शन अझ सुदृढ, अनुशासित र योजनाबद्ध हुनुपर्नेछ । ती महाशक्तिशाली मुलुकसामू नेपाल निरीह भएर उनीहरुका लागि रेकर्ड राख्ने अवसर दिने अवस्था नआओस् । क्रिकेटमा निरन्तरता र व्यवस्थापन सुधारले मात्र विश्वमञ्चमा नेपालको स्थान स्थायी बन्न सक्छ भने हरेक खेलाडीमा सामूहिकताको भावनाको विकास हुनुपर्छ ।

नेपालको यो ऐतिहासिक उपलब्धिले युवापुस्तामा नयाँ उत्साह जगाएको छ । सरकारले खेल पूर्वाधार, प्राविधिक तयारी र अन्तर्राष्ट्रिय अनुभवमा लगानी बढाउन सके क्रिकेटले राष्ट्रको पहिचान र समृद्धिको मार्ग खोल्नेछ । आजको यो सफलता नेपाली क्रिकेटको मात्र होइन, सम्पूर्ण नेपालीको सामूहिक गौरव हो । यसले देखाएको आत्मविश्वास र एकताको भावनाले हाम्रो खेलकुदको भविष्य अझ उज्यालो बनोस् । नेपाली क्रिकेटलाई आगामी यात्रा सफलताको मंगलमय शुभकामना ।

# सरकार, निर्वाचन आयोग र दलहरूबिच त्रिपक्षीय संवादमा जोड

काठमाडौँ, असोज ३० । आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा सम्पन्न गराउन सरकार, निर्वाचन आयोग र राजनीतिक दलबिच त्रिपक्षीय संवाद गर्नुपर्नेमा दलहरूले जोड दिएका छन् ।

आसन्न निर्वाचनका विषयमा बिहीबार आयोगले राजनीतिक दलहरूसँग गरेको छलफलमा सहभागीले सरकारले दलहरूसँग अन्तरसंवाद गर्नुपर्ने र निर्वाचनको पूर्ववातावरण तयार गर्नुपर्ने बताएका हुन् । छलफलमा सहभागी नेपाली कांग्रेसका नेता मीन विश्वकर्माले जेनजी आन्दोलनको मर्मलाई आत्मसात् गर्दै प्रतिशोधी भावना हटाएर निर्वाचनको वातावरण बनाउनुपर्ने बताए । विशेष परिस्थितिमा बाटो बिराएको संविधानलाई सही बाटोमा ल्याउने एक आधार निर्वाचन हुनसक्ने भए पनि सरकारले हालसम्म सहज वातावरण सृजनाका लागि आफूहरूसँग समन्वय नगरेको गुनासो गरे ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष गुरुप्रसाद बरालले राजनीतिक दलका नेतालाई स्थान हद तोक्ने, राहदानी रोक्का गर्ने र जुलुस, सभा गर्न नदिनेजस्ता सरकारका निर्णय निर्वाचनको वातावरणका लागि बाधक भएको धारणा राखेका थिए । उनले फरार कैदीलाई नियन्त्रणमा लिन र लुटिएका हतियार जफत गरी समाजमा शान्ति सुव्यवस्था कायम गर्न माग गरे ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता देवप्रसाद गुरुङले जे-जसरी निर्वाचन घोषणा भए पनि आफूहरू निर्वाचनमा जान तयार भएको तर सरकारले दलहरूलाई विश्वासमा लिन नसकेको टिप्पणी गरे । उनले सरकारले राष्ट्रिय सुरक्षा दिन सकेमा मात्र निर्वाचन सफल हुने बताए । कतिपय साना दलका प्रतिनिधिले सरकार र आयोगले ठूला दललाई अनुकूल व्यवहार गर्दै आएको गुनासो गर्दै अबका दिनमा त्यस्तो नगर्न ध्यानाकर्षण गराए ।

आयोगले विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने तथा गत निर्वाचनका कम्तीमा एक वडा सदस्यसम्म विजय हासिल गरेकासहित २९ दललाई छलफलमा बोलाएको थियो । छलफलमा प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि दल दर्ता, आगामी माघ ११ मा प्रस्तावित राष्ट्रियसभाको १८ सदस्यको निर्वाचन, मतदाता नामावली, मतदातास्थल तथा मतदान केन्द्र र राजनीतिक दलसँग आयोगले राखेको अपेक्षाका विषयमा छलफल गरिएको थियो ।

## सिँचाइका रुग्ण ठेक्का तोडिँदै

काठमाडौँ, असोज ३० । ठेक्का सम्झौता गर्ने तर काम नगरेर वर्षौंदेखि अलपत्र पारी रुग्ण बनाइएका सिँचाइतर्फका ठेक्का तोड्न थालिएको छ । बबई सिँचाइ आयोजनाले करिब ६ वर्षअघि अमन कन्स्ट्रक्सन कम्पनी गुलरिया-५ सँग गरिएको ठेक्का सम्झौता तोड्ने आज सार्वजनिक सूचना जारी गरेको छ । आयोजनाले कम्पनीसँग नहर मर्मत, कमाण्ड क्षेत्र संरक्षण, भवन मर्मतलगायतका काम गर्न आर्थिक वर्ष २०७७/७८ मा ठेक्का सम्झौता गरेको थियो । छ वटा ठेक्कामध्ये चारको निर्माण प्रगति शून्य छ । एउटाको ३० र अर्कोको ५५ प्रतिशत प्रगति रहेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर काम नगर्ने तथा आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिए । आयोजनाले पटकपटक सूचना प्रकाशन गर्दासमेत सम्झौताबमोजिम काम सुरु नगरी बिचैमा छोडी ठेक्काको म्याद समाप्त हुँदासम्म पनि काम सम्पन्न गर्नेतर्फ कुनै चासो नदिएको जनाएको छ । ठेक्का सम्झौता अन्त्य गरी कारबाहीको प्रक्रिया अगाडि बढाउनुनपर्ने कुनै ठोस कारण भएमा १५ दिनभित्र प्रमाणसहित सम्बन्धित आधिकारिक व्यक्ति आयोजना कार्यालयमा उपस्थित हुन सूचना जारी गरिएको छ । पेस गरिएका प्रमाण नियमसङ्गत भरपर्दो वा चित्त बुझ्दो नभएमा सम्झौता र सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाबमोजिम कार्यसम्पादन जमानत तथा धरौटीबापत राखिएको रकम जफत तथा कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढ्नेछ । सिँचाइ विभागअन्तर्गत राष्ट्रिय गौरवका भेरी-बबई तथा सुनकोशी मरिण बहुउद्देश्यीयसहित २५ आयोजनाका ठेक्का रुग्ण छन् । त्यसमध्ये छ वटाको ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइएको हो ।

# 'इतिहासको पानामा नाम लेखिने गरी काम गरौँ'

काठमाडौँ, असोज ३० । जेनजी आन्दोलनका अगुवाहरुले वर्तमान सरकारप्रति विश्वास र भरोसा रहेकाले मुलुकलाई सही मार्गमा डोहोऱ्याएर लैजानेमा आशावादी रहेको प्रतिक्रिया दिएका छन् । भ्रष्टाचारविरुद्ध र सुशासनको पक्षमा भएको आन्दोलनको जगमा बनेको सरकार भएकाले ती मुद्दामा जनतालाई आशा जगाउनेगरी काम गर्न उनीहरुको सुझाव छ ।

उनीहरुको भनाइ छ,'आन्दोलनको मर्मअनुरुप सरकारले काम गरिरहेको हाम्रो विश्वास छ । गरिएका काम प्रणालीगत र पारदर्शिता हुनुपर्छ । जसबाट सरकारको जवाफदेहिता बढ्छ । आन्दोलनलाई संस्थागत गर्दै इतिहास लेखाउने गरी सरकारले काम गर्नुपर्छ ।' सरकार गठन भएको एक महिना पुगेको सन्दर्भमा आन्दोलनका केही अगुवाहरुले दिएको प्रतिक्रियाको सम्पादित अंशः

**सरकारले लय समातेको छः ओजस्वी भट्टराई**

देशमा भ्रष्टाचारविरुद्ध र सुशासनको पक्षमा उभिएका हामी जेनजी आन्दोलनसँग एकाकार छौँ । हामीले उठाएका मागलाई कसरी सम्बोधन गर्ने भनी २९ बुँदे मार्ग निर्देशनसहित अवधारणा बनाइएको थियो । त्यही मापदण्ड र निर्देशिकाभित्र रहेर समीक्षा गरिनुपर्छ । राज्यका तर्फबाट भदौ २३ गते मानवअधिकार उल्लंघन र २४ गते सङ्गठित अपराधका घटना भए । त्यसको निष्पक्ष छानबिन हुनुपर्छ । छानबिन समितिले अध्ययन र अनुगमन गरी न्यायका लागि सिफारिस, पीडितको परिपूरण र दीर्घकालीन सुधारको काम गर्नुपर्छ । आयोगमा जेनजी वा युवापुस्ताको प्रतिनिधित्वसहित समानुपातिक र लैङ्गिक समावेशी हुनुपर्छ भनिएको थियो । तर प्रतिनिधित्वको स्वरुप समावेशी हुनसकेन । अर्कातर्फ गठित आयोगको कार्यादेश अस्पष्ट र सीमित भयो । परिपूरणको पनि त्यत्ति धेरै जिम्मेवारी दिइएन । यसलाई विकेन्द्रीकरण गरिनुपर्ने थियो । आयोगलाई समन्वयकारी भूमिका राज्यले गरिदिएको भए उत्तम हुन्थ्यो । कार्यबोझ धेरै भयो । सरकारले निश्चित पूर्वमन्त्री, संवैधानिक निकायका पूर्वपदाधिकारी, न्यायाधीश, प्रदेश सरकारका मन्त्री, नेपाल सरकारका उच्चपदस्थ अधिकृतको सम्पत्ति विवरण माग गरी ९० दिनभित्र छानबिन गर्नुपर्छ भन्ने हाम्रो माग छ । त्यो विषय पारदर्शी ढङ्गबाट अघि बढाइनुपर्छ । सरकारले त्यसमा काम गरिरहेकै छ भन्ने अनुमान र विश्वास छ । पारदर्शी ढङ्गबाट गरिएको कामको परिणाम उत्तम हुन्छ भन्ने लाग्छ । देशमा भ्रष्टाचारसम्बन्धी कानुनमा सुधारको आवश्यकता छ । उदाहरणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगभित्र मन्त्रिपरिषद्बाट भएका निर्णय पर्दैनन् । भ्रष्टाचारमा पाँच वर्षको हदम्यादको कुरा पनि छ । नीतिगत भ्रष्टाचारलाई कानुनले परिभाषित गर्दैन । जुन आवश्यक छ । यो खाडललाई सुधार गर्दै लैजानुपर्छ । यसका लागि जेनजी, युवा र विज्ञ रहेको बलियो कार्यदल बनाउनुपर्छ । जसबाट कानुन र प्रशासनमा सुधार ल्याउन सकिन्छ । त्यो सरकारले तत्काल अघि बढाओस् भन्ने हाम्रो चाहना छ । गरेको कामबारे जनतालाई निश्चित समयमा नियमित रूपमा जानकारी गराउने कार्य प्रारम्भ गरिनुपर्छ । सरकारका मन्त्री खुला र परदर्शी हिसाबले नियुक्ति भए राम्रो हुन्थ्यो । त्यसले सरकारको जवाफदेहिता बढ्थ्यो । त्यसमा हाम्रो चासो छ । तथापि, सरकारले अघि बढ्ने सन्दर्भमा लय भने समातेको छ ।


## Kanchan Rural Municipality
### Office of Rural Municipal Executive
Kanchan-02, Rupandehi

### Invitation for Sealed Quotation

**Date of Publication: 2082/06/31**

1. Kanchan Rural Municipality invites sealed quotations from registered contractors for the following work:

| S. N. | Contract ID/Works | Estimated Amount (Nrs.) | Bid Security Amount (Nrs.) | Fee for Bid Document (Nrs.) |
|---|---|---|---|---|
| 1 | **KRM/WORK/SQ/04/082/83** Maintenance and physical infrastructure development of Ayurvedic dispensary building.. | **1417743.56/-** (Exclusive of VAT and Contingencies) | **40000/-** | **1000.00/-** |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kanchan Rural Municipality, Kanchan-2, Rupandehi or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in bank:
   Name of Office: **Kanchan Rural Municipality**
   Name of Account Number: **GA 1.1 ANTARIK RAJSHWA KHATA-KANCHAN GAUPALIKA**
   Rajaswa (revenue) Account no: **1102050029007002**
   Name of the Bank: **NIC Asia Bank, Kanchan 3, Haraiya, Rupandehi**
4. Sealed electronic bids must be submitted to the office Kanchan Rural Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 02-11-2025 12:00. Bids received after this deadline will be rejected.
5. Sealed Quotations will be opened in the presence of Bidders' representatives who choose to attend at 02-11-2025 13:00 at the office of Kanchan Rural municipality.
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remaain the same as specified for the original last date of bid submission.
7. Any amendment in the tender notice will be posted in the notice board at office and PPMO's website www.bolpatra.gov.np/egp. The employer reserves the right to accept, reject, wholly or partly any or all the bids without assigning reason, whatever.



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, पोखरा

## सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना
सन्धिखर्क, अर्घाखाँची

### आर्थिक प्रस्ताव खोलिने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०६/३१ गते

यस कार्यालयबाट मिति २०८२/०५/०५ मा PPMO को web portal www.bolpatra.gov.np/egp तथा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. SSDRP/०१/०८२/८३ बमोजिम रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुको प्राविधिक मूल्यांकन गर्दा तपशिलका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन समेत) को नियम ३१ (ज) को उपनियम (५) बमोजिम तपशिल बमोजिमको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|
| SSDRP/337011384 /082/83/01 | 1. M/S Gaura Nirman Sewa, Melamchi, Sindhupalchowk<br>2. M/S Naya Nepal-Shree Krishna J.V., Arghakhanchi<br>3. M/S Khanal Brother's Construction, Sandhikharka, Arghakhanchi | मितिः २०८२/०७/१२ गते (29,Oct. 2025)<br>समयः दिनको १३:०० बजे<br>स्थानः सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना, सन्धिखर्क, अर्घाखाँची |
| SSDRP/337011384 /082/83/02 | 1. M/S Gaura Nirman Sewa, Melamchi, Sindhupalchowk<br>2. M/S A.P. - Patel - Dharmaraj JV, Sandhikharka-11, Arghakhanchi<br>3. M/S Samjhana Nirman Sewa, Sandhikharka-08, Arghakhanchi | |

योजना प्रमुख













### अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनिले चिनबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मुल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि. न. | मालवस्तुको विवरण | आकार र प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक/राष्ट्र | इकाई | प्रति इकाई मुल्य | अधिकतम खुद्रा विक्री मुल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Airconditioner | Floor Standing Invertor | GREE | GVH48AL-M6DNC7A | 4.0 TR | China | Set | 380,000.00 | 380,000.00 | |
| 2 | Airconditioner | Ceiling Cassette Invertor | GREE | GUD35T1/B-S+GUD35W1/NhB-S | 1.0 TR | China | Set | 140,000.00 | 140,000.00 | |
| 3 | Airconditioner | Ceiling Cassette Invertor | GREE | GUD50T1/B-S+GUD50W1/NhB-S | 1.5 TR | China | Set | 150,000.00 | 150,000.00 | |
| 4 | Airconditioner | Ductable Invertor | GREE | GUD35PS1/B-S+GUD35W1/NhB-S | 1.0 TR | China | Set | 122,000.00 | 122,000.00 | |
| 5 | Airconditioner | VRF Unit | GREE | GMV-ND50G/B4B-T | 1.3 TR | China | Set | 75,000.00 | 75,000.00 | |
| 6 | Airconditioner | VRF Unit | GREE | GMV-ND56T/C-T | 1.5 TR | China | Set | 139,500.00 | 139,500.00 | |
| 7 | Airconditioner | VRF Unit | GREE | GMV-ND71T/C-T | 2.0 TR | China | Set | 144,900.00 | 144,900.00 | |
| 8 | Airconditioner | VRF Outdoor | GREE | GMV-280WM/B-X(P) | 8.0 TR | China | Set | 885,000.00 | 885,000.00 | |
| 9 | Airconditioner | VRF Outdoor | GREE | GMV-615WM/B-X(P) | 17.0 TR | China | Set | 1,370,000.00 | 1,370,000.00 | |

विक्रेता फर्मको नाम : **बाराहि इन्टरनेशनल प्रा. लि.** एक्जीम कोड नं. : 3016691790138NP
ठेगाना : न्यूरोड, काठमाण्डौं, नेपाल फोन नं. : ०१-४३६३७३०

# बुटवलमा ब्रिज एजुकेशनको १९औं शाखा

बुटवल, असोज ३० (मेसस) । विगत एक दशकदेखि वैदेशिक अध्ययन गर्न जान चाहने विद्यार्थीलाई परामर्श सेवा प्रदान गर्दै आएको ब्रिज एजुकेशन कन्सल्टेन्सीले बुटवलमा शाखा बिस्तार गरेको छ । विदेशमा ४ तथा नेपालमा १३ गरी १९ वटा शाखा सञ्चालन गरिरहेको ब्रिज एजुकेशनले बुटवलमा १९ औं शाखा बिस्तार गरेको हो ।

युके, अस्ट्रेलिया र क्यानडामा शाखा कार्यालय स्थापना गरी विदेश अध्ययनका लागि जान चाहने विद्यार्थीलाई परामर्श र सहजीकरण गर्दै आएको ब्रिज एजुकेशनले नेपालका प्रमुख सहरहरूमा समेत आफ्नो शाखा बिस्तार गरेको चीफ अपरेटिङ अफिसर रुपेश थापाले बताए । आफूहरूले शैक्षिक परामर्शसँगै विदेश अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई त्यहाँ आइपर्ने समस्याहरूमा समेत सहजीकरण गर्दै आएको दाबी गरे । अधिकांश नेपाली विद्यार्थीहरू लहैलहै र साथीभाइको सिको गर्ने प्रचलनले नबुझी विदेश जाँदा दुःख पाउने गरेको बताउँदै उनले सबै प्रक्रिया बुझ्नु पर्ने र त्यसका लागि अभिभावकले पनि पूर्ण जानकारी लिन आवश्यक रहेको उल्लेख गरे । ब्रिज एजुकेसन बुटवल शाखाको उद्घाटन गर्दै वेष्टन मेघा कलेजका प्राचार्य कृष्ण शर्मा पौडेलले परामर्श केन्द्रले आर्थिक लाभको मात्रै माटो नहेरी सेवाको भावनाले समेत काम गर्न आग्रह गरे । ब्रिज एजुकेसनले युरोपका अधिकांश मुलुकहरू तथा विश्वका २५० बढी विश्वविद्यालयमा अध्ययन गर्न चाहने विद्यार्थीलाई परामर्श सेवा उपलब्ध गराउँदै आएको छ । विद्यार्थीको माग र चाहनाअनुसार नै बुटवलमा समेत शाखा सञ्चालनमा ल्याइएको बुटवल शाखाका सञ्चालक अमृत कार्कीले बताए । यसैगरी बुटवल शाखाकै सञ्चालक एलिना श्रेष्ठले परामर्श सेवाबाट भविष्यमा कुनै पनि विद्यार्थीले विदेशमा पुगेर दुःख पाउन नपरोस् भन्ने आफ्नो उद्देश्य रहेको उल्लेख गरिन् ।

काठमाडौंमा केन्द्रीय कार्यालय रही सन् २०१५ मा स्थापना भएको ब्रिज एजुकेशनले विदेशमा अध्ययन पूरा गरेका विद्यार्थीलाई नेपाल फर्क अभियान समेत सञ्चालनमा ल्याएको छ । विदेशमा प्राप्त गरेको सीप र ज्ञानलाई फर्केर मुलुकमै लगानी गर्नुपर्छ भन्ने जागरण पैदा गर्नका लागि नेपाल फर्क अभियान पनि सञ्चालन गरिएको संस्थाको दाबी छ ।

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति : २०८२ आश्विन ३१ गते शुक्रवार

मणिमुकुन्द सेन उद्यान संरक्षण समिति बुटवल-२, फूलवारी रुपन्देहीको गरिमामय १७औं वार्षिक साधारणसभामा संस्थाका संस्थापक, आजीवन तथा साधारण सदस्यज्यूहरुलाई तपशिल अनुसारको कार्यक्रममा उपस्थिति तथा सहभागिताका लागि हार्दिक अनुरोध गरिन्छ ।

**तपशिलः**

**मिति** : बि.सं. २०८२ कार्तिक १७ गते सोमवार
**समय** : बिहान ८.३० बजे
**स्थान** : उद्यान परिषर (सेड नं.-१४)

**मणिमुकुन्द सेन उद्यान संरक्षण समिति**
बुटवल-२, फूलवारी रुपन्देही

## सैनामैना नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही

### दरभाउपत्र स्वीकृती सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०६/३१ गते

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार रितपुर्वक पर्न आएका दरभाउपत्रमध्ये तपसिल ठेक्का नम्बर र दरभाउपत्रदाताको दरभाउपत्र न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही भएकोले तपसिल बमोजिमको दरभाउपत्र यस कार्यालयको निर्णयानुसार स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरीद ऐन/नियमावलीको प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नम्बर | दरभाउपत्र दाताको नाम | आयोजनाको नाम | कबोल अंक-मु.अ. कर सहित) |
|---|---|---|---|
| SQ/०१/०८२-८३ | श्री नासा मेडिको सप्लायर्स, मध्यपुर थिमी-०१ भक्तपुर | औषधि तथा औषधिजन्य सामान खरिद | ११,९४,५९८.७१ |

**प्रमुख प्रशासकिय अधिकृत**

## देवदह साझेदारी वन उपभोक्ता समुह
देवदह-१० चरङ्गे, रुपन्देही

### काठ बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/०६/३१ गते

यस साझेदारी वन उपभोक्ता समुहको वनवाट उत्पादन भई चरङ्गे घाटगद्दीमा विभिन्न लट बनाई राखीएको साल, असना तथा अन्य लगायतका काठ ४३९०.१८ घ.फि. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित उद्योगले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औ दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरि १६ (सोह) औं दिन कार्यालय समयभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पुर्ण व्यहोराको सुचना यस समुहको कार्यालयको सुचना पाटिमा टाँस गरिएको छ ।

## Rapti Rural Municipality
### Office of the Rural Municipal Executive
**Masuriya, Dang, Lumbini Province, Nepal**

### Invitation for SQ/Bids

**IFB No. : RRM/02/2082/083**
**Date of publication: 17-October, 2025**

1. Rapti Rural Municipality, Masuriya, Dang invites electronic bids from eligible bidders as per details given below under National Competitive Bidding (NCB)/Sealed Quotation (SQ).
2. **A) Single Stage Single Envelope Bidding Procedure.**

| S. N. | Name of Project | Contract No. | Cost of Bid Document | Estimate Cost (With VAT& PS) NRs. | Bid Security Amount NRs. | Bid Security Validity Period up to |
|---|---|---|---|---|---|---|
| 1 | Devikot dekhi Ghoghle Aap samma sadak nirman | RRM/SQ/W/ 02/2082/083 | NRs. 1,000 | 974,007.76 | 25,000 | 15-January, 2026 |
| 2 | Construction of CGI Compound for Garbage Management and Sanitation Center | RRM/SQ/W/ 03/2082/083 | NRs. 1,000 | 1,945,119.29 | 50,000 | 15-January, 2026 |
| 3 | 9. no wada karyalaya pahuch marg starunnati (Devikot-Rupakot sadak) | RRM/NCB/W /04/2082/083 | NRs. 3,000 | 3,895,683.51 | 100,000 | 16-March, 2026 |
| 4 | Ward wo.4 ko simana dekhi Ward no.7 Bhanpur jodne Aadhuro bato pakki nirman. | RRM/NCB/W/ 05/2082/083 | NRs. 3,000 | 3,894,566.38 | 100,000 | 16-March, 2026 |

**B) Single Stage Two Envelope Bidding procedure.**

| S. N. | Name of Project | Contract No. | Cost of Bid Document | Average annual construction Turnover (NRS.) | Specific Construction Experience | Bid Security Amount (Nrs.) | Bid Security Validity Period up to |
|---|---|---|---|---|---|---|---|
| 1 | Rapti chakrapath dakchhin khand bistar tadha starunnati | **RRM/NCB/W /06/2082/083** | **NRs. 5,000** | **3,24,00,000.00** | **As Specified in Bid Document** | **5,40,000.00** | **16-March, 2026** |

3. **Information to deposit the cost of bidding document and bid bond in the bank:**

| | | |
|---|---|---|
| **Office Name** | **Rapti Rural Municipality, Masuriya, Dang** | |
| **Office Code No:** | **801055609** | **Global IME Bank, Bhalubang** |
| **Rajaswa Khata No:** | **34004010000008** | |
| **Deposit Account No:** | **34004010000004** | |
| **Rajaswa Sirsak No:** | **14213** | |

4. Bidders have to submit their bid/sealed quotation electronically through PPMO's e-GP system www.bolpatra.gov.np/egp(online) only.
5. Rapti Rural Municipality, Masuriya, Dang reserves the right to accept or reject any bid/seal quotation , and to annul the process and reject all bids/sealed quotation at any time prior to contract award.
6. Bidders may obtain further information from the Rapti Rural Municipality, Masuriya, Dang or may visit PPMO website: www.bolpatra.gov.np/egp under the name of Public Entity "Rapti Rural Municipality, Dang".

**Chief Administrative Officer**

## Government of Nepal
### Ministry of Physical Infrastructure and Transport
### Road Division
**Butwal, Rupandehi**

### Invitation for Sealed Quotation

**Notice No.- RDBTL/Goods/01/082/83**
**First Date of Publication: 2082-06-31 (17th Oct., 2025)**

Road Division, Butwal invites hard copy bids (SQ) from eligible bidders/suppliers, For the supply of variety of stationery, cleaning products and electronic and electrical products and toners, in accordance with Sealed Quotation procedures.For further details regarding this Invitation for Bids, interested bidders are requested to visit the notice board of Road Division, Butwal, Rupandehi or website www.dor.gov.np.

**Division Chief**

## पाणिनी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
दुर्गाफाँट, अर्घाखाँची

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०६/३१ गते

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२/०६/२९ गतेको निर्णय अनुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र रहेका तपसिल बमोजिमका रिक्त पदहरुमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र दरखास्त पेश गर्नुहुन सूचित गरीन्छ ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | सेवा | पद | तह | संख्या |
|---|---|---|---|---|---|
| १. | १-०८२/०८३ | करार | पशु चिकित्सक | स्थानीय सेवाको सातौं तह सरह | १ |
| २. | २-०८२/०८३ | करार | सब-इन्जिनियर | स्थानीय सेवाको पाँचौ तह सरह | २ |
| ३. | ३-०८२/०८३ | करार | अ. सब-इन्जिनियर | स्थानीय सेवाको चौथो तह सरह | २ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**
- पशु चिकित्सक पदको लागिः
  - नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.भि.एस्सी. एण्ड ए.एच. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण गरेको ।
- सब-इन्जिनियर पदको लागिः
  - नेपाल सरकाबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा सिभिल इन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको ।
- अ. सब-इन्जिनियर पदको लागिः
  - नेपाल सरकाबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा टि.एस.एल.सी/एस.ई.ई. उत्तिर्ण वा ए.एल.सी./एस.ई.ई. वा सो सरह उत्तिर्ण गरी सम्बन्धीत विषयमा तालिम प्राप्त गरेको ।
- सबै पदको लागि अन्य योग्यताहरुः
  - नेपाली नागरिक भएको हुनुपर्ने,
  - दरखास्त दिने अन्तिम मितिसम्म १८ (अठार) वर्ष पूरा भई ३५ (पैतिस) वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।
  - भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

**२. दरखास्त दिने स्थान**: पाणिनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दुर्गाफाँट, अर्घाखाँची ।
**३. दरखास्त दिने अन्तिम मिति**: २०८२/०७/२० गते कार्यालय समयभित्र ।
**४. आवेदन दस्तुर**: पशु चिकित्सकको लागि रु. १,५००|-,सब-इन्जिनियर पदको लागि रु.१,०००|-र अ.सब-इन्जिनियर पदको लागि रु.५००|-
**५. छनौटको किसिम**: लिखित र अन्तर्वार्ता ।
**६. आवेदन फारम**: कार्यालयबाट उपलब्ध गराइनेछ ।
**७. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू**: शैक्षिक योग्यताको प्रमाणपत्रको स्वयंले प्रमाणित गरेको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, २ प्रति पासपोर्ट साईजको फोटो, अनुभव हासिल गरेको भए (अनुभव पत्र)।
**८. पाठ्यक्रम**: प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशले तोके बमोजिम हुने ।
**९. थप जानाकारीको लागि सम्पर्क**: ९८५७०६६४९८, ९८५७०८६५२८
Email: ito.paninimun@gmail.com

**पुनश्च**: माथिल्लो शैक्षिक योग्यता हासिल गरेको तथा संघ, प्रदेश र स्थानीय सरकारसँग सम्बन्धित क्षेत्रमा कार्य गरेको अनुभवी उम्मेदवारलाई विषेश ग्राहयता दिइनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Shuddhodhan Rural Municipality
### Office of Rural Municipal Executive
**Manpakadi, Rupandehi**

### Invitation for E-Bids

**Date of publication: 2082/06/31**

Shuddhodhan Rural Municipality invites electronic bids from eligible bidders for the Following Project Under National Competitive Bidding–Single Stage Bidding procedures. All other Information & Bid Documents Can Be Downloaded from PPMO's Website : www.bolpatra.gov.np/egp. For more information call on 9857084578

| Contract ID | Descriptions of Works | Bid Security (NRs) | Bid Document Fee (NRs) | Min. Avg. Annual Turnover (NRs) | Min. Specific Experience of Const work of similar nature (NRs) | Key activities production rates |
|---|---|---|---|---|---|---|
| NCB/ SRM/ 01/082-83 | Road Maintenance Project: Maintenance Of Various Roads of Different Wards | 575,000 | 5000 | 2,61,00,000.00 | 70,00,000.00 Asphalt Road Construction (mechanically ) | Should Have Successfully Completed Laying Asphalt Concrete(Mechanically) of grade II or above more than (in a year):435 Cu.m. |

| Contract No. | Brief Description of Works | Estimated Cost (Without VAT and Cont) | Bid Security | Cost of Bid Document |
|---|---|---|---|---|
| NCB/SRM/ 02/082-83 | Road upgrading Works from yagyodaya Campus-Ramwapur - East Mainahiya to Satkula Butwal Border, Ward 3 | Rs. 1,30,39,783.93 | Rs.425,000.00 | Rs. 3000 |
| NCB/SRM/ 03/082-83 | Construction of Blacktopped Road From Butwal Sub-metropolitan City-Puraini-Buddha circuit,ward 6 | Rs. 88,06,960.52 | Rs.285,000.00 | Rs. 3000 |

| For Bid Document Fee | For Bid Security |
|---|---|
| Name of the Bank: Agricultural Development Bank Ltd, Pharsatikar Sakha<br>Name of Office: Shuddhodhan Rural Municipality Office, Rupandehi<br>Account no.: **0424501150279096** | Name Of Bank: Agricultural Development Bank Ltd., Pharsatikar<br>Name Of Office: Shuddhodhan Rural Municipality Office,Rupandehi<br>Account No.: 0424501150279045<br>Bids must be valid for a period of 90 days<br>Bids must be valid for 30 days beyond validity Period. |
| **Bids Submission Dead Line : Before 2082/08/01, 12.00 pm** | **& Bid opening: 2082/08/01, 1.00 pm** |

Employer has the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to award contract.If any provision of bid document is inconsistent with Public Procurement Act (PPA), 2063 and Public Procurement Regulations (PPR), 2064, the provision of bid document shall be void to the extent of such inconsistency and the provision of PPA and PPR prevail.

**Chief Administrative Officer**

# झिनियाँ बेचेर आत्मनिर्भर बनेकी लक्ष्मी

■ रामबहादुर गन्धर्व



कपिलवस्तु, असोज ३० । ७० वर्षको उमेरपछि धेरैजसो मानिसहरू विश्राम खोजिरहेका हुन्छन् । तर, कपिलवस्तुको बाणगंगा नगरपालिका-१ बैरियाकी लक्ष्मी श्रेष्ठ भने आफ्नो श्रम र सीपका भरमा अझै सक्रिय जीवन बिताइरहेकी छन् । उनी झिनियाँ बनाएर बेच्ने व्यवसायमार्फत आत्मनिर्भर बनेकी महिला हुन् । झिनियाँ व्यवसायबाट सिजनमा राम्रो आम्दानी गर्दै आएको उनले बताइन् ।

१२ वर्षअघिसम्म श्रेष्ठको जीवन सामान्य गृहिणीको रूपमा बित्दै थियो । उनी घरायसी काममै व्यस्त थिइन् । पहिलेदेखि नै उनमा केही नयाँ काम गर्ने इच्छा थियो । त्यसैले पनि उनले परीक्षणका रूपमा झिनियाँ बनाउने सोच बनाइन् । उनले तयार गरेका झिनियाँले राम्रो बजार पायो । सुरुमा २० हजार रुपैयाँ लगानी गरेर झिनियाँ व्यवसाय थालेकी उनले अहिले राम्रो आम्दानी गर्न सफल भएकी छन् । यति सानो लगानीले पनि ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्ने श्रेष्ठले उदाहरण प्रस्तुत गरेकी छन् ।

श्रेष्ठले बनाएका रंगीचंगी झिनियाँ स्थानीय बजार गजेहडा, बैरिया, बनगाई, पिपरा लगायतका हाटबजारहरूमा सजिलै पाइन्छन् । तिहारमा झिनियाँको खपत अत्यधिक हुने गर्दछ । झिनियाँको माग तिहारसँगै, दशैं, विवाह र पूजापाठको सिजनमा पनि झनै बढ्ने गर्छ । 'तिहारमा झिनियाँको व्यापार बढी हुन्छ, दशैँअघि देखि नै झिनियाँ बनाउँदै सुकाउन निकै व्यस्त भइन्छ, पहिला जस्तो झिनियाँमा नाफा त छैन, चामालको मूल्य बढेपछि नाफा थोरै भएको हो ।' श्रेष्ठले भनिन् । उनले बनाएका झिनियाँ कपिलवस्तुका विभिन्न पालिका हुँदै छिमेकी जिल्ला रूपन्देहीसम्म पुग्ने गरेका छन् ।

श्रीमान्, छोराबुहारी र छोरीहरूसहित श्रेष्ठको नौ जनाको परिवार छ । परिवारकै समर्थनले उनको हौसला बढाएको उनी बताउँछिन् । 'घरमै बसेर थोरै लगानीबाट पनि राम्रो कमाई गर्न सकिन्छ भन्ने कुरा म आफूले प्रमाणित गरेकी छु ।' उनी मुस्कुराउँदै भन्छिन्,'बुहारीले पनि मेरो काममा सघाउँछिन् । परिवारको साथ पाउँदा कामको थकाइ कम लाग्छ ।'

विदेश गएर कठिन काम गर्नुभन्दा घरमै बसेर श्रम गर्दा पनि गर्वका साथ बाँच्न सकिने उनको अनुभव छ । 'परिश्रम गर्न सक्ने हो भए, स्वदेशमै धेरै अवसर छन् । मिहेनत गर्नेले यहाँ पनि राम्रो जीवन बाँच्न सक्छ ।' उनले भनिन् । कपिलवस्तुका अन्य महिलाहरूका लागिसमेत श्रेष्ठ प्रेरणाको स्रोत बनेकी छन् ।

# २५ करोड लागतमा लुम्बिनी सांस्कृतिक नगरपालिका भवन बन्ने

भैरहवा, असोज ३० (मेसस) । रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकाले २५ करोड ७० लाख रुपैयाँको लागतमा प्रशासनकि भवन बनाउने भएको छ । नेपाल सरकार, एशियाली विकास बैंक र नगरपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा प्रशासनिक भवन निर्माण गर्न लागएिको नगरपालीकाका प्रशासकीय अधिकृत तारा ज्ञवालीले जानकारी दिइन् ।



नगरपालिकाका स्वर्गीय मेयर सजरुद्धिन मुसलमान, उपमेयर कल्पना हरिजनलगायत नगरपालिकाका जनप्रतिनिधिहरु र प्रशासकीय अधिकृत कर्मचारीहरुको पहलमा लामो समयपछि नगरपालीकाले आफ्नै भवन निमार्ण सुरु गर्न सफल भएको हो ।

नगरपालिकाले समयमै जग्गा प्राप्ति गर्न नसक्दा भवन निमार्णमा ढिलाई हुँदै आएको थियो । चारपांच वर्ष अधिदेखि जग्गा प्राप्तीमा स्वर्गीय मेयर सजरुदिन मुसलमान, उपमेयर कल्पना हरिजन, तत्कालिन रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालिलगायतले जग्गा प्राप्तिका लागी ठूलो भूमिका खेलेका थिए ।

प्रशासनि भवन निमार्ण सम्झौता भएसंगै नगरपालिकाले लामो समयदेखि भाडाको भवनबाट आफ्नै भवनबाट निकट भविष्यमै सेवा प्रवाह गर्न पाउने भएको नगरपालिकाका उपमेयर कल्पना हरीजनले जानकारी दिइन् ।

नगरपालिकाले २०८४ असोज २७ गतेभित्र भवन निर्माण गरिसक्नुपर्ने गरी सम्झौता गरेको छ । २५ करोड ७० लाख ८६ हजार ६९८ रुपैयाँ लागतमा निर्माण हुने भवन निर्माणको जिम्मा बाबुल निर्माण सेवा, रुपन्देहीले पाएको छ ।

लुम्बिनी सांस्कृतिक नगरपालिका-३, लंकापुर र ठुलो पडरियाको बिचमा तेलार नदीछेउमा नगरपालीकाको प्रशासनिक भवन निर्माण हुनेछ । ठेक्का सम्झौतामा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत तारा ज्ञवाली र बाबुल निर्माण सेवाको तर्फबाट नविद अहमद खाँले हस्ताक्षर गरेका छन् ।

ठेकेदार कम्पनीका सञ्चालक खाँले तोकिएकै समयमै काम सम्पन्न गर्ने जनाउँदै यसका लागि पालिकाबाट आवश्यक सहयोग हुने विश्वास लिए । एसियाली विकास बैंकले लुम्बिनी सांस्कृतिक नगरपालिकामा प्रशासनिक भवनसंगै सडक पुर्वाधार, बसपार्क, फोहर प्रसोधनलगायतका क्षेत्रमा लगानी गरेको छ ।

# सहकारीपीडितको समस्या समाधानमा प्रधानमन्त्रीको पहल

काठमाडौँ, असोज ३० । प्रधानमन्त्री सुशीला कार्कीले सहकारी पीडितहरूको समस्या समाधानका लागि पहल लिएकी छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बिहीबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री अनिल सिन्हा, सहकारी मन्त्रालयका सचिव केदारनाथ शर्मा, प्रधानमन्त्री कार्यालयका सचिव राजकुमार श्रेष्ठ, सङ्कटग्रस्त समस्या समाधान समितिका अध्यक्ष, सहकारी नियमन प्राधिकरणका पदाधिकारी, सहकारीपीडित बचतकर्ता संरक्षण राष्ट्रिय महासंघका पदाधिकारीलाई एकै ठाउँमा राखेर प्रधानमन्त्री कार्कीले सिंहदरबारमा छलफल गरेकी थिइन् ।

सो क्रममा उनले सहकारी ठगी गरेर हिँड्नेहरूलाई कुनै हालतमा छाड्न नहुने बताइन् । 'ठगेर खानेलाई छाड्न मिल्दैन । बरु कानुनमा समस्या छ भने त्यो पनि संशोधन गरौँ, जे गर्नुपर्छ गरौँ तर ठगेर हिँड्नेलाई नछाडौँ, पीडितलाई रुँदै हिँड्नुपर्ने अवस्था अन्त्य गरौँ,'प्रधानमन्त्रीले भने,'अहिले नै गर्नुपर्छ । हामीले नै गर्नुपर्छ । यो सरकारको मुख्य काम नै चुनाव सम्पन्न गर्नु, भ्रष्टाचारमा कारबाही गर्नु र सहकारी समस्या समाधान गर्नु हो । यसैका लागि आएको हो ।' सहकारी ठगीमा परेकाहरूको घरजग्गा नै लिलाम गरेर भए पनि पीडितको बचत फिर्ता हुनुपर्ने उनको भनाइ थियो ।

## सुक्न थाले...

उनीहरूलाई सदरमुकाम पुग्नुभन्दा बुटवल झन् सहज र सजिलो छ । सदरमुकाम पश्चिमका पालिकामा लोकमार्गले जोडेपछि सदरमुकाम सुक्न पुगेको हो ।

मालिका गाउँपालिकाको केन्द्र अर्खाबाङ बनेपछि बजार विस्तार हुँदा पुरानो व्यापारिक केन्द्र सिमलटारी सुकेको छ । त्यस्तै धुर्कोट गाउँपालिकाको केन्द्र बरबोटमा बजार बन्न थालेको छ भने मदानेको पुर्कोटमा थप बजार विस्तार भएको छ । मुसिकोटको केन्द्र बामी पुरानो व्यापारिक केन्द्र अहिले शहरका रूपमा विकास भइरहेको छ । तम्घासमा ८ वर्ष अघिसम्म ३० लाख पर्ने घडेरी अहिले १५ लाखमा पनि बिक्री हुन छाडेका छन् । कुनै बेलाको प्रमुख व्यापारिक केन्द्र बनेको रिडी बजार पनि अहिले सुनसान छ । तम्घासका पुराना व्यवसायी मृगेन्द्रप्रसाद शेरचन अहिले तम्घास छोड्ने क्रम निरन्तर बढ्दो र व्यापार व्यवसाय घट्दो रहेको बताउँछन् । 'अहिले तम्घास पासपोर्ट र नागरिकता बनाउन गाडीमा आएर १ घण्टा बसेर फर्किने ठाउँ मात्र बनेको छ,' व्यवसायी शेरचनले भने, 'बजारको मुभमेन्ट छैन । ५० प्रतिशत सटर खाली छन् ।

पूर्वी गुल्मीका लागि इलाका प्रशासन कार्यालय मझुवामा रहेकोले तम्घास बजार आउँदैनन् । जग्गा कारोबार पनि छैन । कस्तो थियो, कस्तो भयो, सम्झँदा पनि अचम्म लाग्छ अहिले ।' स्थानीय सरकार, निजी क्षेत्र र नगरवासीको सहकार्यमा रेसुङ्गालाई प्रवर्द्धन गरी पर्यटक ल्याएर सदरमुकाम फेरि जीवन्त राख्न आवश्यक रहेको उनले बताए । डेढ दशक अघिसम्म १८ घण्टासम्म नसुत्ने अर्घाखाँचीको प्रवेशद्वारको रूपमा रहेको कपिलवस्तुको पत्थरकोट बजार अहिले सुनसान छ । बुटवलदेखि पश्चिम पहाड प्रवेशको मूलद्वार मानिने पत्थरकोट गुमनाम भएको छ। सन्धिखर्क जोड्ने मुख्य सडक विस्तारसँगै वर्षौंदेखि पत्थरकोट बजारको अस्तित्व मेटिँदै गएको स्थानीय नारायणप्रसाद बेल्बासे बताउँछन् । 'सिङ्गो अर्घाखाँची, पूर्वी प्यूठान र गुल्मीदेखि रोल्पासम्मको व्यापारिक केन्द्र पत्थरकोट अहिले चकमन्न छ,' ४० वर्षदेखि त्यहाँ बस्दै आएका बेल्बासे भन्छन्, 'पक्की सडक विस्तार हुनुअघि गोरूसिङ्गेबाट पत्थरकोटसम्म यातायातका साधन आउँथे । ५० वटा होटल थिए, नुन र चामलका ठूला-ठूला रास हुन्थे । अहिले केही छैन ।'

ग्रामीण भेगसम्म सडक सञ्जाल जोडिएपछि पुराना बजार सुनसान बनेका छन् भने सडक किनारमा नयाँ बजार खुलेका छन् । स्थानीय तहले अरू विकासभन्दा सडकलाई नै प्राथमिकता दिएकाले अहिले सबै जिल्लाका वडामा सडकको पहुँच पुगिसकेको छ । सडकले सबै ठाउँ जोड्दा जिल्लाका मुख्य र पुराना बजार अहिले सुनसान बनेका छन् । जनयुद्धका बेला धेरै प्रभावित रोल्पाको सुलीचौर, हलेरी, मध्यपहाडी लोकमार्गसँगै रुकुमपूर्वको खवाङ नयाँ बजार बनेका छन् ।

त्यस्तै, कालीगण्डकी करिडोरले पाल्पाको रामपुरलाई ठूलो बनाएको छ । यहाँबाट तनहुँको भीमाद हुँदै काठमाडौं र नारायणगढ जाने दूरी छोटिएको छ । जसले गर्दा रामपुर पहाडी जिल्लाको ठूलो शहरको रूपमा विकास हुँदै गएको छ । 'जिल्ला टुक्रिएसँगै नवलपरासी (परासी) को बजार ७० प्रतिशत सुक्यो,'जनसंख्या र वातावरण क्षेत्रका जानकार युवराज कँडेल भन्छन्, 'बर्दघाट नगरपालिका बनेसँगै बर्दघाट-सुनवल हाइवे क्षेत्रले विकासमा फड्को मार्‍यो ।'

उनले थपे, 'कपिलवस्तुको सदरमुकाम तौलिहवा सुक्यो । ठूलो बजार चन्द्रौटा बनेको छ । पूर्वपश्चिम राजमार्गसँग जोडिएको गोरूसिङ्गेमा इलाका प्रशासन कार्यालय सञ्चालनसँगै तौलिहवा जाने मान्छे कम भए । बजार क्षेत्र हाइवेतर्फ तानियो ।' पहाडी जिल्लाको घट्दो जनसंख्या र युवा रोजगारीका लागि विदेश वा ठूला शहरतर्फ झर्ने क्रम तीव्र छ ।

स्थानीय उद्योग र रोजगारी सिर्जना, शिक्षा र स्वास्थ्यमा सुधार, यातायात र पूर्वाधार सुधार, प्रशासनिक सेवा विस्तार, पर्यटन र संस्कृतिको उपयोग, पर्यटनले होटल, पसल, यातायात, र रोजगारी बढाउँछ, लगानीका लागि प्रोत्साहन, स्थानीय नेतृत्वको दृष्टि र योजना आवश्यक देखिन्छ । प्रशासनिक भवन, पसल र कार्यालयहरू खुला भए पनि जनताको आवतजावत निकै कम छ ।

नेपाल नगरपालिका महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष खिलध्वज पन्थीले मध्यपहाडी जिल्ला बसाइसराइबाट आक्रान्त भएको र अब पर्यटन प्रवर्द्धनको योजना आवश्यक देख्छन् । रेसुङ्गा नगरपालिकाका प्रमुख (मेयर) समेत रहेका पन्थीले भने,'पहाडी जिल्लामा रैथाने बाली प्रवर्द्धन, सुन्तला, कागती, कफी खेतीको उत्पादन र बजारीकरण गरेर बजारलाई जोगाउनुपर्छ । सँगै, अब पर्यटनका लागि पनि योजना बनाएर घुम्नको लागि पहाडी जिल्लाका ऐतिहासिक स्थलहरूको विकास जरुरी भयो ।' लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये ६ वटा पहाडमा पर्छन् । जहाँ कतै नयाँ शहर बनेका छन् भने कतै बसाइसराइले गाउँ खाली भइरहेका छन् । अहिले रुपन्देही, बाँके, दाङ र कपिलवस्तुमा बसाइसराइ गर्नेहरू बढी छन् ।

# मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु

अर्घाखाँची, असोज ३० । छत्रदेव गाउँपालिका-१ सौरैखोलामा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने दुई जना गम्भीर घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार बुधबार साँझ दुई मोटरसाइकल एकापसमा ठोक्किँदा पाणिनी गाउँपालिका-५ का २१ वर्षीय तारा बेलबासे र गुल्मीको छत्रकोट गाउपालिका-६ का ३५ वर्षीय सुमन सुनारको मृत्यु भएको हो ।

उनीहरू दुवै मोटरसाइकल चालक रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मोटरसाइकलको पछाडि सवार अर्घाखाँचीकी १८ वर्षीया दीपा बेल्बासे र गुल्मीका ४४ वर्षीय सुरज सुनार गम्भीर घाइते भएको जिल्ला प्रहरीका प्रहरी निरीक्षक झलकप्रसाद शर्माले जानकारी दिए । गम्भीर घाइते दुवै जनाको पाल्पामा उपचार भइरहेको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## उत्कृष्ट ...

अहिले सरकारी अस्पतालले पनि निजी अस्पतालहरुसँग प्रतिस्पर्धा गर्न सक्षम हुन थालेको थापाले बताए । विसं. १९९० सलमा स्थापित भीम अस्पतालमा हाल सरकारबाट ५० बेड स्विकृति छ ।

अस्पताल विकास समितिबाट थप ५७ बेड थप गरी १ सय ७ बेड अहिले सञ्चालनमा रहेको अस्पतालका मेडिक सुपरिटेडेन्ट शुकन्तला गुप्ताले बताइन् । सीमित स्रोत साधन र जनशक्तिको अधिकतमा प्रयोग गरेर गुणस्तरीय उपचार प्रदान गरिँदै आइएको गुप्ताले बताइन् ।

अस्पतालमा हाल व्यवस्थापन, चिकित्सक, प्राविधिक र अन्य कर्मचारी समेतगरी कुल १ सय ८० जना कर्मचारी कार्यरत छन् । जसमध्ये ७५ जना सरकारी दरबन्दीका रहेको अस्पतालका मेडिकल रेकर्ड सुपरभाइजर खमजङ्ग खत्रीले बताए ।

अस्पतालमा १३ जना सिनियर विशेषज्ञ र ८ जना मेडिकल अधिकृत कार्यरत रहेका छन् । भीम अस्पतालमा आव २०८१-०८२ मा ओपिडितर्फ १ लाख २० हजार ३ सय ४६ जना बिरामी उपचारका लागि आएका थिए । अस्पतालमा प्रतिदिन १ हजार १ सय ४९ वटा ल्याव टेष्ट हुने गरेको छ भने प्रतिदिन अल्ट्रासाउण्ड ३४ र मुटुको इसिजी १३ वटा हुने गरेको छ । भीम अस्पताल व्यवस्थापन समितिका अध्यक्ष डा.अनन्तकुमार शर्माले भीम अस्पतालको सेवाहरुलाई अझ प्रभावकारी बनाउन आफ्नो पहल निरन्तर रहने बताए ।


**Resunga Municipality**
**Office Of The Municipal Executive**
**Tamghas, Gulmi**

**Invitation for Online Bids**

**First Date of Publication : 17th Oct., 2025 (2082-06-31)**

1. Resunga Municipality has allocated funds towards the cost Construction of Infrastructures and intends to apply part of the funds to cover eligible payments under the following Contracts.
2. Bidding is open to all eligible bidders, Office of Resunga Municipality, Gulmi invites electronic bids from eligible bidders for the works under National Competitive Bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Resunga Municipality, Gulmi, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder should download the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp and submit through e-GP system upon payment of a non-refundable fee of NRs. 3000.0 NRs. Till or 16th Nov 2025(2082-07-30), 12:00 hours. Bidder should deposit the cost of bidding document in the Rajaswa account as specified below:-
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of Bank: **Rastriya Banijya Bank, Gulmi**
   Name of Office: **Office of Municipal Executive, Resunga Municipality, Tamghas, Gulmi;**
   Cost of Bidding Document : **NRs. 3000.00**
   Resunga Na. Pa.(Ga-1-1) Aantarik Rajaswa Account no.: **3010100301010002 (For Bid Docu. Fee)**
   Rajaswa Shirshak No:**14229**
   Resunga Na. Pa. (GA-3) Dharauti Account no.: **3010100303000002 (For Dharauti)**
5. Pre-bid meeting shall be held at Office of Resunga Municipality, Gulmi at 7th Nov 2025(2082-07-21)11:00 hours.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or16th Nov 2025(2082-07-30)12:00 hours Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 16th Nov 2025(2082-07-13) 13:00 hours at the Office of Resunga Municipality, Gulmi. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting as shown in Table below which shall be valid for 30 days beyond the validity period of the bid. i.e. 120 days
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| S. N. | Contract ID | Description of Works | Estimated amount ( with VAT&PS) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1. | ORM-NCB-GUL-W-31-082/83 | Upgrading Of Kamarepani-Kudapani-Juredhunga -Sisneyar Road, Resunga Municipality-07,Gulmi | 1943457.53 | 55000.00 |
| 2. | ORM-NCB-GUL--32- 082/83 | Construction Of Covered Hall, Resunga Municipality- 04, Gulmi | 1461808.47 | 40000.00 |

**Chief Administrative Officer**



**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**पाल्पाली मगर सेनेटरी**
बुटवल, १७, मोतीपुर, रुपन्देही
फोनः ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

**ट्वाइलेट सफा गराउनु परेमा**
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**गगन सेनेटरी**
बुटवल, ८, सुख्खानगर, रुपन्देही
फोनः ९८६७०२१६१४, ९८१५४४७६४८, ९८०४४१३२८७, ९८१६४६४१७२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फुल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिडको बेला पनि सेवा दिइनेछ ।
**तिनाउ सेनेटरी**
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
बुटवल, १०, सुख्खानगर, रुपन्देही
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३


मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागिः अध्यक्ष- होमराज बस्याल, प्रधान सम्पादक- बसन्तराज खनाल, कार्यकारी प्रमुख- विष्णु गैरे
प्रधान कार्यालयः बुटवल-९, मिलनचोक, रुपन्देही, फोनः ०७१-५३६००५, ५३१५२१ (प्रशासन/विज्ञापन), ५५४०८८ (सम्पादन), Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,मुख्य शाखा कार्यालयः भैरहवा फोनः ०७१-५७६१३६